स्थानीय पाठ्यक्रमको विकास तथा
कार्यान्वयनका लागि स्थानीय तहका
सरकारी निकायहरूका लागि

# अभिमुखीकरण निर्देशिका

ADB
ASIAN DEVELOPMENT BANK

BRITISH COUNCIL

**Publisher:**
Government of Nepal
Ministry of Education, Science and Technology
Curriculum Development Centre
Sanothimi, Bhaktapur

© Publisher

**Edition:**
2077 BS (2020 AD)

**Development and Printing:**
The manual has been developed and printed by the Asian Development Bank (ADB) and the ADB-European Union Co-financed Technical Assistance (implemented through British Council)

# प्राक्कथन

नेपालमा शैक्षिक विकेन्द्रीकरणको अवधारणाअनुसार स्थानीय आवश्यकतामा आधारित शिक्षाको जग बलियो बनाउन विद्यालयको आधारभूत तहदेखि नै स्थानीय तहमा पाठ्यक्रम निर्माण र त्यसको कार्यान्वयन गर्ने व्यवस्था हुँदै आइरहेको छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले स्थानीय सरकार, विद्यालय तथा शिक्षकहरूलाई स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनमा सघाउ पुऱ्याउनका लागि आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६, स्थानीय पाठ्यक्रम प्रारूप, २०७१ तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६ जस्ता महत्वपूर्ण निर्देशिका तथा पाठ्यक्रम प्रारूपहरूको विकास गरेको छ । यसै सन्दर्भमा विद्यालय क्षेत्र विकास योजना (विक्षेवियो) ले पाठ्यक्रमको परिमार्जन गर्नका साथै स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन गरी स्थानीय आवश्यकता र स्थानीय परम्परा, संस्कृति तथा जनजीविकाका अभ्यासहरूको संरक्षण र प्रवर्धन गर्नका लागि स्थानीय पाठ्यक्रमको निर्माण गर्ने व्यवस्थालाई विशेष महत्व दिएको छ ।

परिवर्तित राजनैतिक एवं प्रशासनिक व्यवस्थाअनुसार सङ्घीय संरचनाअन्तर्गत अभिभावक, स्थानीय विज्ञ, शिक्षक तथा अन्य सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रमको विकास गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारहरूलाई हस्तान्तरण गरिएको छ । स्थानीय सरकारहरूलाई स्थानीय सन्दर्भ र आवश्यकताका आधारमा विषयवस्तुको छनोट गर्ने पूर्ण स्वायत्तता प्रदान गरिएको छ । यस प्रावधानले विद्यालय शिक्षालाई स्थानीय परिप्रेक्ष्यसँग झनै सान्दर्भिक बनाउन मद्दत गर्नुका साथै स्थानीय आवश्यकता पूरा गर्ने तथा जनतामा आफ्नो विद्यालयप्रतिको 'अपनत्व'को भावना बढाउने छ भन्ने अपेक्षा गरिएको छ ।

यसै सन्दर्भमा विद्यालय पाठ्यक्रमका सम्बन्धमा भएको नयाँ राष्ट्रिय नीति अनुसार विद्यालयहरूले सम्बन्धित स्थानीय सरकारसँगको समन्वय तथा सहयोग र स्वीकृतीमा कक्षा १-३ का लागि ५ पाठ्यभार र कक्षा ४-८ का लागि ४ पाठ्यभार को छुट्टै स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ । विद्यालय शिक्षा विविधतायुक्त जनसङ्ख्या र स्थानीय समुदायको आवश्यकतासँग अझ सान्दर्भिक होस् भनी यो व्यवस्था गरिएको हो ।

स्थानीय सरकारी निकायहरूका लागि तयार पारिएको यस स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन अभिमुखीकरण निर्देशिकाले स्थानीय सरकार एवं सम्बन्धित सबै विद्यालय र सरोकारवालाहरूलाई स्थानीय पाठ्यक्रमको अवधारणा, विद्यालयको पाठ्यक्रमका सम्बन्धमा विद्यमान योजना तथा नीतिहरू, राष्ट्रिय पाठ्यक्रम, एकीकृत पाठ्यक्रम र स्थानीय पाठ्यक्रमका अवधारणाहरू र स्थानीय पाठ्यक्रम विकासका प्रक्रियाहरूबारे थप जानकारी हासिल गर्न मद्दत पुग्ने कुरामा विश्वस्त छु । यस सामग्रीको निर्माण र वितरणमा सहयोग गर्नुहुने विक्षेवियो प्राविधिक टोली (SSDP TA) लाई धन्यवाद दिन चाहन्छु ।

आश्विन, २०७७

**केशव प्रसाद दाहाल**
महानिर्देशक,
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विषय सूची


सङ्क्षिप्त शब्दहरू ६

१. परिचय ७

- १.१ निर्देशिकाको प्रयोजन तथा उद्देश्यहरू
- १.२ निर्देशिकाको प्रयोग

२. स्थानीय पाठ्यक्रमको अवधारणा ९

- २.१ पाठ्यक्रम भन्नाले हामी के वुझ्छौं ?
- २.२ पाठ्यक्रम किन महत्त्वपूर्ण हुन्छ?
- २.३ पाठ्यक्रम कसरी राम्रो बन्छ ?
- २.४ स्थानीय पाठ्यक्रम भनेको के हो ?

३. विद्यालयको पाठ्यक्रमका सम्बन्धमा विद्यमान योजना तथा नीतिहरू - राष्ट्रिय पाठ्यक्रम, एकीकृत पाठ्यक्रम र स्थानीय पाठ्यक्रम १२

- ३.१ विक्षेवियो तथा विद्यालय तहको पाठ्यक्रमः प्रावधान तथा वर्तमान स्थिति
- ३.२ राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा कक्षा १-३ को एकीकृत पाठ्यक्रम (२०७६)
- ३.३ स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन निर्देशिका (मातृभाषालगायत), (२०७६)
- ३.४ स्थानीय सरकारका लागि क्षमता विकास

४. स्थानीय पाठ्यक्रम विकासका प्रक्रियाहरू १७

- ४.१ प्रक्रियाको परिचय
- ४.२ तयारीको चरणः स्थानीय पाठ्यक्रम विकास समिति तथा स्थानीय पाठ्यक्रम प्राविधिक कार्यदलको गठन
- ४.३ चरणः १. समग्र लक्ष्य तथा क्षेत्रहरूको पहिचान गर्ने
- ४.४ चरणः २. हासिल गर्नुपर्ने प्रमुख सक्षमताहरूको पहिचान गर्ने
- ४.५ चरणः ३. सूचकहरूसहित प्रत्येक कक्षाका लागि विशिष्ट उपलब्धिहरूको परिभाषित गर्ने
- ४.६ चरणः ४. सिकाइका एकाइहरूको प्रवाह चित्रको निर्माण गर्ने
- ४.७ चरणः ५ र ६. पाठयोजनाको निर्माण, मूल्याङ्कनका साधनसहित शिक्षकमैत्री निर्देशिका तथा शिक्षक स्रोत प्याकेजहरू र चरण ६ विद्यार्थीहरूका लागि सिकाइ सामग्रीको निर्माण गर्ने
- ४.८ चरणः ७. जाँच, परीक्षण, पुनरावलोकन तथा परिमार्जन
- ४.९ पाठ्यक्रम विकास प्रक्रियाका उत्पादनहरू

५. स्थानीय सरकारका भूमिका तथा उत्तरदायित्वहरू २४

६. सन्दर्भ सूची तथा सान्दर्भिक स्रोत सामग्रीहरू २६

# सङ्क्षिप्त शब्दहरु

| | |
|---|---|
| पापु | पाठ्य पुस्तक |
| पाविके | पाठ्यक्रम विकास केन्द्र |
| प्रअ | प्रधानाध्यापक |
| रापाप्रा | राष्ट्रिय पाठ्यक्रम प्रारूप |
| विक्षेवियो[illegible]लय | क्षेत्र विकास योजना |
| विव्यस | विद्यालय व्यवस्थापन समिति |

# १ परिचय

## १.१ यस निर्देशिकाका प्रयोजन तथा उद्देश्यहरु

स्थानीय सरकार तहमा गुणस्तरीय स्थानीय पाठ्यक्रमको सफलतापूर्वक कार्यान्वयन गर्न सहयोग पुगोस् भनी यस निर्देशिकाको विकास गरिएको हो । यसले पाठ्यक्रमका महत्वपूर्ण विषय, नीतिगत प्रावधान तथा स्थानीय पाठ्यक्रमको डिजाइन र कार्यान्वयन प्रक्रियामा आवश्यक जानकारी प्रदान गर्छ ।

विशेष गरी, यसभित्र निम्नलिखित कुराहरू पर्छन्: (अ) विद्यालय पाठ्यक्रमसम्बन्धी विद्यमान नीति तथा योजनाहरु, (आ) स्थानीय जनता तथा सन्दर्भका आवश्यकतासँग मेल खाने गरी स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका प्रावधानहरू, र (इ) स्थानीय पाठ्यक्रम विकासका प्रक्रिया तथा विद्यालयहरूमा यसको कार्यान्वयन ।

स्थानीय पाठ्यक्रमको विकास गर्दा, कार्यान्वयन गर्दा तथा प्रयोग गर्दा ध्यान दिनुपर्ने स्थानीय सरकारहरूको भूमिका तथा उत्तरदायित्वको सूची समेत यस निर्देशिकामा समाविष्ट छ । निर्देशिकाको अन्त्यमा अनलाइन लिङ्क सहित सन्दर्भ ग्रन्थ तथा सान्दर्भिक स्रोत सामग्रीहरूको सूची संलग्न गरिएको छ ।

यो निर्देशिका स्थानीय सरकारका विभिन्न निकायका लागि निम्न लिखित कुरामा उपयोगी हुने अपेक्षा गरिएको छ ।

अ. नयाँ राष्ट्रिय पाठ्यक्रम, विशेष गरी कक्षा १-३ को एकीकृत पाठ्यक्रममा भएको हालैको विकास तथा स्थानीय पाठ्यक्रमसम्बन्धी प्रावधानका बारेमा स्पष्ट जानकारी गर्न ।

आ. समावेशी विकास तथा मानवीय मूल्यको सम्मान गर्ने उत्तरदायी नागरिकको विकासका लागि नेपालको भौगोलिक, भाषिक तथा सांस्कृतिक विविधताको सदुपयोग गर्ने कार्यमा स्थानीय पाठ्यक्रमको भूमिकाको बोध गर्न ।

इ. बढीभन्दा बढी समतामूलक सहभागिता र प्रभावकारी सिकाइका लागि सिकारु तथा उनको समुदायमा शिक्षालाई अझै अर्थपूर्ण र सान्दर्भिक बनाउन योगदान गर्ने राम्रो गुणस्तरीय स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको बोध गर्न तथा सो प्रक्रिया अपनाउन सक्षम हुन ।

ई. प्रक्रियाहरूको प्रभावकारिताको सुपरिवेक्षण गर्नका लागि स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका सम्बन्धमा आफ्नो भूमिका तथा उत्तरदायित्वका बारे सचेत हुन ।

## १.२ निर्देशिकाको प्रयोग

आफू सम्बन्धित विद्यालयमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा जिम्मेवार सबै अधिकारीहरूका लागि यो निर्देशिका महत्वपूर्ण  सन्दर्भ सामग्री हुन सक्छ । स्थानीय पाठ्यक्रम तथा यसको विकास प्रक्रियाका बारेका आफ्नो बुझाइलाई अझ सुदृढ पार्न शिक्षामा रुचि राख्ने विद्यालय व्यवस्थापन समिति (विव्यस) प्रधानाध्यापक (प्रअ), शिक्षक तथा अन्य व्यक्तिहरूले पनि यसको प्रयोग गर्न सक्छन् ।

सम्भव भएसम्म यस निर्देशिकालाई अभिमुखीकरण कार्यक्रमका अवधिमा स्थानीय सरकारका पदाधिकारीहरूलाई वितरण गरिने छ । उनीहरूलाई यसका विषय वस्तुसँग परिचित हुने अवसर प्रदान गर्नुका साथै उनीहरूका केही प्रश्न भए स्पष्ट पारिने छ । हुन त अभिमुखीकरण गर्न सम्बन्धित सबै सरोकारवालाहरूकहाँ प्रत्यक्ष रूपमा पुग्न सम्भव हुँदैन । त्यसकारण स्थानीय सरकारी तहका तालिम/अभिमुखीकरण कार्यक्रमका सहभागीहरूका लागि निर्देशिकाको पुस्तक नै लिन र अरुसँग आदान प्रदान गर्न तथा आफूसँग भएका ज्ञान स्थानीय बैठक वा कार्यशालामार्फत अरुलाई पनि बाँड्न प्रोत्साहित गरिन्छ ।

# २ स्थानीय पाठ्यक्रमको अवधारणा

## २.१ पाठ्यक्रम भन्नाले हामी के बुझ्छौं?

पाठ्यक्रम सिकारु तथा शिक्षकका लागि के र कसरी सिक्न सिकाउनुपर्छ भनी निर्दिष्ट गरिएको मार्गदर्शन हो । त्यसैले पाठ्यक्रम भनेको विद्यार्थीहरूले के, किन र कसरी सिक्नुपर्छ भनी सङ्गठित तथा योजनाबद्ध रूपमा अनुभव र क्रियाकलापहरूको अपेक्षित क्रममार्फत सिकाइ उपलब्धि हासिल गर्नका लागि गरिएको योजना हो । अपेक्षित सिकाइ उपलब्धिले विद्यार्थीहरूले आफ्नो विद्यालय शिक्षाका विभिन्न कक्षा वा चरणहरूमा हासिल गर्ने समग्र जानकारी, ज्ञान, बोध, अभिवृत्ति, मूल्य, सिप, सक्षमता वा व्यवहारहरूलाई परिभाषित गर्छ । शिक्षाको गुणस्तरमा सुधार ल्याउन ***अपेक्षित पाठ्यक्रम*** (औपचारिक मार्गदर्शन), ***कार्यान्वित पाठ्यक्रम*** (विद्यालय र कक्षा कोठामा शिक्षक विद्यार्थीहरूले गर्ने वास्तविक कार्य), र ***अर्जित पाठ्यक्रम*** (विद्यार्थीका लागि सिकाइ उपलब्धि) सँग मिलान गर्न विशेष प्रयासहरूको आवश्यकता पर्छ ।

नेपालको विद्यालय शिक्षाको सन्दर्भमा हेर्दा पाठ्यक्रम एउटा प्रारूप हो, जसले सिकाइ उपलब्धि, विषय वस्तु तथा तिनको विस्तृतीकरण, उपयुक्त शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनका प्रक्रियाहरूलाई परिभाषित गर्छ ।

## २.२ पाठ्यक्रम किन महत्वपूर्ण हुन्छ?

- यसले उमेर र चरणअनुरूपका अपेक्षित कोसेढुङ्गालाई स्पष्ट पार्छ तथा अध्ययनको विशेष कोर्सको समाप्तिसम्म यसले सिकारुका लागि सङ्गठित र क्रमबद्ध मार्गचित्र प्रदान गर्छ ।

- यसले शिक्षकहरूका लागि के पढाउने, कसरी पढाउने र कसरी सिकाइको मूल्याङ्कन गर्ने भन्ने कुराको सङ्गठित र क्रमबद्ध मार्गचित्र प्रदान गर्छ ।

- अपेक्षित मुख्य सिकाइ उपलब्धिहरूलाई परिभाषित गर्दै यसले विभिन्न विद्यालयका सिकारुहरूका लागि अवसरको समानताको प्रवर्धन गर्न मदत गर्छ र अन्तर विद्यालयमा जाने विद्यार्थीहरूको शैक्षिक निरन्तरतामा सघाउ पुर्‍याउने कार्य गर्छ ।

## २.३ पाठ्यक्रम कसरी राम्रो बन्छ?

पाठ्यक्रमलाई सङ्गठित गर्ने र यसका बारेमा धारणा बनाउने धेरै तौरतरिका छन् । वास्तवमा कुनै पनि पाठ्यक्रम कति विस्तृत हुन्छ भन्ने कुरा यसले लिने प्रयोजन तथा परिप्रेक्ष्यसँग सम्बन्धित हुन्छ । तथापि सुदृढ र प्रभावकारी पाठ्यक्रमका केही पक्ष छन्, जो विभिन्न शैक्षिक प्रणालीहरूमा व्यापक रूपमा स्वीकारिएका पनि छन् र यो कुरा नेपालमा पनि लागु हुन्छ । ती हुन्:

- **सुदृढ पाठ्यक्रम विषय वस्तुमा आधारितभन्दा उपलब्धिमा आधारित हुन्छ ।** परम्परागत रूपमा धेरै देशहरू विषय वस्तुमा आधारित पाठ्यक्रमको प्रयोग गर्थे । उनीहरू पढाउनुपर्ने पाठ्य वस्तुलाई विस्तृत गर्थे । शिक्षकले सबै कुरा विद्यार्थीहरूमा प्रवाह गर्नुपर्ने र सिकारुले पनि परीक्षामा ती विषय वस्तु स्मरण गर्नुपर्ने कुरामा जोड दिइन्थ्यो । नेपाललगायत अधिकांश देश हाल उपलब्धिमा आधारित पाठ्यक्रमतर्फ अन्तरण भएका छन् । यसमा सुरुमा विद्यार्थीहरूले हासिल गर्नुपर्ने उपलब्धिलाई परिभाषित गरिन्छ । त्यसपछि उनीहरूमा हासिल हुनुपर्ने अनुभवका क्रमको पहिचान गरिन्छ । यसमा विविध मूल्याङ्कनका विधिहरूमार्फत विभिन्न प्रकारका सिकाइलाई मापन गर्न विशेष जोड दिइन्छ ।

- **सुदृढ पाठ्यक्रम नै सिकारुको उमेर र चरणहरूका लागि उपयुक्त हुन्छः प्रारम्भिक कक्षाका लागि एकीकृत र माथिल्लो तहका लागि विषयगत ।** परम्परागत रूपमा नेपालमा सबै कक्षाका लागि विषयगत पाठ्यक्रम नै अनुसरण गरियो । यसमा छुट्टाछुट्टै विषयका लागि पाठहरूको सङ्गठन गरिएको हुन्छ । विभिन्न विषयहरू उपयुक्त गति र प्रवाहका साथ पढ्न र बुझ्न सक्ने तथा दिनभरि विद्यालयमा विभिन्न शिक्षकहरूसँग पनि अन्तरक्रिया गर्न सक्ने हुनाले यो माथिल्लो कक्षाका विद्यार्थीहरूका लागि राम्रो हुन्छ । तर अन्य देशमा जस्तै नेपालमा पनि यो तरिका कलिला बाल बालिकाका लागि उपयुक्त नहुने कुरा अनुभूत भएको छ । उनीहरूका लागि एउटै शिक्षकले दिनभरि एउटा एकीकृत पाठ्यक्रमबाट पठन पाठन गर्नु सिकाइ तथा सामाजिक-संवेगात्मक हिसाबले बढी उपयुक्त हुन्छ । एकीकृत पाठ्यक्रमले बाल बालिकाहरूलाई समग्र रूपमा सिकाइ गर्न सघाउँछ, जुन उनीहरूका लागि स्वाभाविक पनि हो । राम्रो एकीकृत पाठ्यक्रम विद्यार्थीले थाहै नपाई सबै परम्परागत विषय क्षेत्र समावेश गर्न र यसबाट उनीहरूलाई आधारभूत सिकाइ, जस्तैः सुनाइ, बोलाइ, पढाइ, लेखाइ, हिसाब, सिर्जनात्मक सोच आदि हासिल गर्न मदत हुने गरी डिजाइन गरिएको हुन्छ ।

- **सुदृढ पाठ्यक्रम स्तरयुक्त, क्रमबद्ध र चरणबद्ध हुन्छ तथा विविधतालाई सम्बोधन गर्ने खालको हुन्छ ।** लक्षित प्रयोगकर्ताहरूको स्तरसँग विषय वस्तु तथा सामग्री मिल्ने भयो भने पाठ्यक्रमले प्रभावकारी सिकाइमा राम्ररी सघाउ पुर्‍याउन सक्छ । उनीहरूले पहिले नै सिकेका कुरालाई आधार मान्दै सिकाइलाई मदत गर्न र नयाँ अवधारणालाई आत्मसात् गर्न तथा नयाँ सिपहरूको अभ्यास गर्न पाठ्यक्रमले सघाउँछ । त्यसैले सिकाइ उपलब्धिहरू निश्चित सन्दर्भका औसत सिकारुहरूको वास्तविकतामा आधारित हुनुपर्छ । साथै, बाल बालिकाहरूको क्षमता तथा सिकाइमा विविधता हुने हुनाले अपाङ्ग र साङ्ग बाल बालिकाहरूलाई मदत गर्न मूल विषय वस्तुलाई कसरी भिन्न किसिमले सम्बोधन गर्ने भन्ने बारेमा शिक्षकहरूलाई मार्गनिर्देश हुनुपर्छ ।

## २.४ स्थानीय पाठ्यक्रम भनेको केहो ?

स्थानीय पाठ्यक्रम सिकारुहरू आफ्नै भाषा, संस्कृति, सम्पदा तथा वातावरणका बारेमा सिक्ने अवसर पाऊन् तथा सिक्नका लागि प्रोत्साहित होऊन् भन्ने कुराको सुनिश्चितताका लागि स्थानीय तहबाट विकास गरिन्छ । यसबाट उनीहरूले घरको जीवन र विद्यालयको वातावरणमा सामञ्जस्य अनुभूत गर्ने छन् । सामान्यतया कुनै पनि देशमा सबै विद्यार्थीका लागि मूल सिकाइ उद्देश्यहरू किटान गरिएको एउटा राष्ट्रिय पाठ्यक्रम हुन्छ तर विभिन्न क्षेत्रले प्रयोग गर्ने गरी कुनै पनि सङ्ख्यामा स्थानीय पाठ्यक्रमको व्यवस्था भएको हुन सक्छ । स्थानीय पाठ्यक्रमहरू राष्ट्रिय

पाठ्यक्रम (मूल) को पूरकका रूपमा रहेका हुन्छन् । यिनले उनै राष्ट्रिय उद्देश्यलाई नै योगदान गर्ने हुन् ।

स्थानीय पाठ्यक्रम पुरै फरक प्रकारको पाठ्यक्रम होइन । एउटा राम्रो पाठ्यक्रमले उही सिद्धान्त अवलम्बन गर्नुपर्छ र मूल सिकाइ उपलब्धिसँग तादात्म्य हुने गरी सिकारुका लागि सिकाइ उपलब्धिहरू निर्धारण गर्नुपर्छ ।

तलको तालिकामा राष्ट्रिय र स्थानीय पाठ्यक्रमबिचको भिन्नता दर्शाइएको छः

| आधार | राष्ट्रिय पाठ्यक्रम | स्थानीय पाठ्यक्रम |
|---|---|---|
| **उद्देश्यहरू** | फराकिलो | साँघुरो |
| **आवश्यकताहरू** | राष्ट्रिय आवश्यकतामा आधारित | स्थानीय आवश्यकतामा आधारित |
| **निर्माण** | केन्द्रीय/राष्ट्रिय तह | स्थानीय तह |
| **निर्माणकर्ताहरू** | विषय विज्ञहरू | सरोकारवालाहरूसँगै स्थानीय विज्ञहरू |
| **विषय वस्तु** | पूर्व निर्धारित, आपूर्तिमा आधारित | लचिलो, मागमा आधारित |
| **सुपरिवेक्षण** | केन्द्रीय निकायद्वारा निर्देशित | स्व-निर्देशित |

# ३ विद्यालयको पाठ्यक्रमका सम्बन्धमा विद्यमान योजना तथा नीतिहरु: राष्ट्रिय पाठ्यक्रम, एकीकृत पाठ्यक्रम र स्थानीय पाठ्यक्रम

## ३.१ विक्षेवियो तथा विद्यालय तहको पाठ्यक्रमः प्रावधान र वर्तमान स्थिति

विद्यालय क्षेत्र विकास योजना (विक्षेवियो) ले पाठ्यक्रम तथा शिक्षण सिकाइ (पापु र सिकाइ सामग्रीसहित) को सान्दर्भिकता तथा गुणस्तर, विद्यालयको सिकाइ वातावरण तथा विद्यार्थी मूल्याङ्कनको अभिवृद्धिमार्फत विद्यार्थीहरूको सिकाइमा सुधार गर्ने लक्ष्य लिएको छ। विक्षेवियोअन्तर्गत पाठ्यक्रमलाई एउटा फराकिलो प्रारूपका रूपमा लिइएको छ, जसमा हासिल गर्नुपर्ने सिप, क्षमता, ज्ञान, बोध तथा मूल्यहरू समाविष्ट छन्। विक्षेवियोमा पाठ्यक्रम प्रारूप तथा शिक्षण सिकाइ सामग्रीहरूका सम्बन्धमा निम्नलिखित रणनीतिक उपायहरूको प्रावधान गरिएको छ।

**विक्षेवियोमा पाठ्यक्रमसम्बद्ध प्रावधानहरु**

पाठ्यक्रमको पुनरावलोकन गरी, प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक कक्षा देखि १२ कक्षासम्म आवश्यक पर्ने सिप, क्षमता, ज्ञान, बोध तथा मूल्यहरू समेट्ने गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप (रापाप्रा) को पुनरावलोकन गरिने छ। यसमा प्राज्ञिक सिपका साथै जीवनोपयोगी सिप, वातावरणीय सचेतना तथा विपत्का लागि तयारी जस्ता विषयहरू पनि समेटिने छन्। प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षाका पाठ्यक्रम अनुभवजन्य सिकाइका अवधारणामा आधारित हुने छन् र सिकारु केन्द्रित सक्रिय सिकाइ विधिको अवलम्बन समग्र विद्यालय शिक्षाको केन्द्रबिन्दु बनाइने छ। प्रारम्भिक कक्षाहरूमा प्रभावकारी साक्षरता र गणितीय सिपका सक्षमता समेटिने छन् र गणित, विज्ञान तथा अङ्ग्रेजी जस्ता प्राथमिकता प्राप्त विषयहरूमा विशेष जोड दिइने छ। स्थानीय पाठ्यक्रम तथा नेपालीबाहेक मातृभाषामा पाठ्यपुस्तक तथा अन्य सिकाइ सामग्री निर्माणका लागि निर्देशिका तयार पारिने छ।

विद्यालय क्षेत्र विकास योजनाको प्रथम ५ वर्षभित्र परिमार्जित पाठ्यक्रम प्रारूपका आधारमा विधिसम्मत रूपले पापुको परिमार्जन गरिने छ । पाठ्यक्रमले अपेक्षा गरेका विभिन्न सिप हासिल गर्न सहयोग गर्ने खालका शिक्षण सिकाइ सामग्रीको विकास, पहिचान र प्रवर्धन गरिने छ । निजी स्तरबाट पापु तथा अन्य शिक्षण सिकाइ सामग्रीको विकास र उत्पादनका लागि समेत उपयुक्त निर्देशिका बनाइने छ ।

## ३.२ राष्ट्रिय पाठ्यक्रम प्रारुप तथा कक्षा १-३ को एकीकृत पाठ्यक्रम, २०७६

विक्षेवियोका माथि उल्लेख गरिएका प्रावधानअनुसार राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ विद्यालय शिक्षाका लागि एउटा समग्र खाकाका रूपमा विकास गरियो । प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक कक्षा देखि १२ कक्षासम्म आवश्यक पर्ने सिप, अभिवृत्ति, ज्ञान, बोध तथा मूल्यहरू समेट्ने गरी विद्यालय शिक्षाका विभिन्न तहका लागि उद्देश्यहरूको निर्धारण गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूपका आधारमा पाठ्यक्रम विकास केन्द्रले प्रत्येक कक्षाका लागि पाठ्यक्रम तथा पाठ्य पुस्तकको परिमार्जनको थालनी गरेको छ ।

रापाप्रा, २०७६ ले स्थानीय परिवेशसुहाउँदो राष्ट्रिय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्न स्थानीय निकायहरूको क्षमता विकासको आवश्यकतामा जोड दिन्छ । (साथै तल ३.४ मा चर्चा गरिएअनुसार उनीहरूको आफ्नै स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्ने) ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपभित्र रही कक्षा १–३ का लागि २०७७ देखि क्रमशः मुलुकभर लागु हुने गरी एकीकृत पाठ्यक्रमको विकास तथा कार्यान्वयन गरिएको छ । नयाँ पाठ्यक्रम २०७७ देखि कक्षा १ र ११ मा र कक्षा २, ३ ,६ र १२ मा २०७८ देखि लागु हुने छ । यसरी पाविकेले पाँच वर्षभित्रमा कक्षा १ देखि १२ सम्ममा नयाँ पाठ्यक्रम लागु हुने लक्ष्य लिएको छ । नेपालको एकीकृत पाठ्यक्रमले सबै विषयलाई गाभ्दैन, तर 'हाम्रो सेरोफेरो' ले विज्ञान, स्वास्थ्य, शारीरिक शिक्षा, सिर्जनात्मक कला र सामाजिक अध्ययन विषयलाई एकीकृत गर्छ । अन्य क्षेत्र, जस्तैः नेपाली भाषा, गणित, अङ्ग्रेजी भाषाका लागि थिममा आधारित विशेष पाठ रहेका छन् भने हाम्रो सेरोफेरोमा १६ ओटा सम्बन्धित क्षेत्रहरू समेटिएका छन्। स्थानीय सरकारहरूलाई स्वतन्त्रता प्रदान गर्नका लागि छुट्टै विषयका रूपमा रहेको 'स्थानीय विषय' का लागि तोकिएको पाठ्यघण्टा भित्र रहने गरी निश्चित सत्रहरूको व्यवस्था हुने छ, जुन यस निर्देशिकाको मुख्य जोड पनि हो तथापि सम्भव भएसम्म स्थानीय सरकारहरूले सिकारुहरूको सिकाइ अनुभवमा तादात्म्यता कायम गराउन स्थानीय पाठ्यक्रम र पाठ्यक्रमका अन्य अंशहरूका बिचको सम्बन्ध पहिचान गर्नुपर्छ ।

## ३.३ स्थानीय पाठ्यक्रम विकास तथा र कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६

स्थानीय सरोकारवालाहरूको संलग्नतामा स्थानीय आवश्यकताका विषय वस्तु समावेश गर्ने गरी स्थानीय पाठ्यक्रमको प्रावधानसहित यसको विकास र कार्यान्वयन सर्वप्रथम प्राथमिक पाठ्यक्रम, २०६२ ले गरेको थियो । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०६८ ले स्थानीय पाठ्यक्रमको परिभाषा यस प्रकार गरेको छः *"स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाहरूको*

*आवश्यकता र चाहनालाई आधार बनाई स्थानीय विषय वस्तुलाई समावेश गरी उनीहरूकै संलग्नतामा विकास गरिन्छ । कुनै पाठ्यक्रमले स्थानीय ज्ञान, सिप तथा प्रविधिलाई समावेश गर्छ भने त्यसलाई स्थानीय पाठ्यक्रम भन्न सकिन्छ । यसले स्थानीयतामा जोड दिन्छ ।"* प्राथमिक पाठ्यक्रम (कक्षा १-५) तथा आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६३ को ढाँचामा पनि -मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय भनी ५ पाठ्यभार छुट्याइएको छ । त्यसैले, नेपाल पहिलेदेखि नै स्थानीय पाठ्यक्रमको विकास गर्ने सन्दर्भमा 'स्थानीय आवश्यकता', 'स्थानीय विषय वस्तु', 'स्थानीय विज्ञहरूको संलग्नता' जस्ता सिद्धान्तको अनुसरण गर्दै आएको छ ।

सङ्घीय संरचना तथा नयाँ रापाप्रामा रहेका प्रावधानहरूलाई सम्बोधन गर्दै पाविकेले स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गर्न तथा विषयका रूपमा स्थानीय मातृभाषामा पठनपाठन गर्न स्थानीय सरकारका निकायहरूलाई सघाउने लक्ष्यका साथ *'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६'* को विकास गरेको छ । यस दस्ताबेजले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि एउटा रूपरेखा प्रदान गर्छ । यसभित्र सन्दर्भ, स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको प्रक्रिया, सम्भाव्य विषय क्षेत्र, नीतिगत प्रावधानहरू तथा विभिन्न निकायका उत्तरदायित्वहरू समाविष्ट छन् ।

विद्यालय पाठ्यक्रमका सम्बन्धमा भएको नयाँ राष्ट्रिय नीतिका अनुसार विद्यालयहरूले सम्बन्धित स्थानीय सरकारसँगको समन्वय, सहयोग र स्वीकृतीमा कक्षा १-३ का लागि ५ पाठ्यभार भएको र कक्षा ४-८ का लागि ४ पाठ्यभार भएको छुट्टै स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्नुपर्ने छ । विद्यालय शिक्षा विविधतायुक्त जनसङ्ख्या र स्थानीय समुदायको आवश्यकतासँग अझ सान्दर्भिक होस् भनी यो प्रावधान गरिएको हो ।

सङ्घीय संरचनाअन्तर्गत अभिभावक, स्थानीय विज्ञ, शिक्षक तथा अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरी स्थानीय पाठ्यक्रमको विकास गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय सरकार हरूलाई हस्तान्तरण गरिएको छ । स्थानीय सरकारहरूलाई स्थानीय सन्दर्भ र आवश्यकताका आधारमा विषय वस्तुको छनोट गर्ने पूर्ण स्वायत्तता प्रदान गरिएको छ । यस प्रावधानले विद्यालय शिक्षालाई स्थानीय परिप्रेक्ष्यसँग झनै सान्दर्भिक बनाउन मदत गर्नुका साथै स्थानीय आवश्यकता पुरा गर्ने तथा जनतामा आफ्नो विद्यालयप्रतिको 'अपनत्व'को भावना बढाउने छ भन्ने अपेक्षा गरिएको छ । यसले स्थानीय परम्परा, संस्कृति तथा जनजीविकाका अभ्यासहरूको संरक्षण र प्रवर्धन गर्न मदत गर्ने छ । यी कुराहरू मानव अधिकार तथा सबैका लागि समानता विषयमा नेपालले गरेका प्रतिबद्धतासँग सम्बन्धित छन् ।

यस निर्देशिकाले स्थानीय पाठ्यक्रममा निम्नलिखित तीन पक्ष हुनुपर्छ भनी स्पष्ट गरेको छ ।

१. ***यो स्थानीय आवश्यकतामा आधारित र सन्दर्भसँग संवेदनशील हुनुपर्छ ।*** स्थानीय पाठ्यक्रम विकासको प्रक्रियामा स्थानीय विज्ञ, अभिभावक, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूसँग छलफल तथा परामर्शको आयोजना गरी स्थानीय आवश्यकताको पहिचान गर्नु महत्वपूर्ण हुन्छ । सुविधाविहीन जनजाति तथा जातीय समूह तथा स्थानीय भाषिक समुदायको प्रतिनिधित्व हुनुपर्ने कुरामा ध्यान दिनुपर्छ साथै महिला तथा बालिकाहरूको संलग्नतालाई अनिवार्य गर्नुपर्छ । अपाङ्गता भएका व्यक्तिहरूलाई संलग्न गर्ने र उनीहरूसँग पनि परामर्श लिने प्रयत्न गर्नुपर्छ ।

२. ***यसले स्थानीय विषय वस्तुलाई समावेश गर्नुपर्छ ।*** स्थानीय पाठ्यक्रमका विषय वस्तुमा स्थानीय ज्ञान, सिप तथा प्रविधि समावेश भएको हुनुपर्छ । एक वा एकभन्दा बढी स्थानीय मातृभाषा, स्थानीय संस्कृति, स्थानीय इतिहास, स्थानीय कला तथा शिल्प पेसा, स्थानीय तथा आदिबासी खाना र बाली (हेलाँ गरिएका तर मूल्यवान्) तथा जीविकोपार्जनका अभ्यासहरू यसका विषय वस्तु हुनुपर्छ ।

३. ***यसले स्थानीय सहभागिता सुनिश्चित गर्नुपर्छ र स्थानीय विज्ञहरूलाई प्रयोग गर्नुपर्छ ।*** स्थानीय पाठ्यक्रमको विकासमा स्थानीय समुदायका मानिसहरूको सहभागिता सुनिश्चित हुनु अनिवार्य छ । आवश्यक जानकारी तथा सुझावहरू सङ्कलन गर्न, स्रोतहरूको परिचालन गर्न तथा पाठ्यक्रम विकास गर्न स्थानीय विज्ञहरूलाई प्रयोग गर्नुपर्छ ।

विशेष गरी, यस निर्देशिकाले स्थानीय पाठ्यक्रमको विकास गर्न निम्नलिखित बुँदाहरू सिफारिस गरेको छः

- स्थानीय रूपमा अभिव्यक्त रुचि तथा आवश्यकताहरूमा जोड दिने
- स्थानीय सन्दर्भ र विषय वस्तुहरूलाई आधार बनाउने
- स्थानीय स्तरमा नै स्थानीय समुदायका व्यक्तिहरूद्वारा विकास गर्ने
- स्थानीय जनशक्ति तथा भौतिक स्रोतहरूको उपयोग गर्ने
- स्थानीय सरोकारवालाहरूद्वारा पाठ्यक्रमको स्वामित्व लिन प्रोत्साहित गर्ने
- स्थानीय पाठ्यक्रमले कसरी पहुँच, समावेशिता र सिकाइको वृद्धि गर्छ भन्ने कुरामा केन्द्रित हुने
- विद्यालय र समुदायबिचको बढ्दो सम्बन्धलाई सघाउने
- सिकाइका लागि कम खर्च लाग्ने र खर्च नलाग्ने स्थानीय उपलब्ध सामग्रीको प्रयोगलाई प्रोत्साहित गर्ने, त्यसभन्दा पनि बढी, सिकाइमा स्थानीय प्राकृतिक तथा सांस्कृतिक वातावरणको प्रत्यक्ष प्रयोग गर्ने र यसलाई कक्षाकोठाको पढाइसँग आबद्ध गर्ने
- विभिन्न सरोकारवालाहरूबिचको सक्रिय सहभागिता तथा सहकार्यमा सघाउने ।

## ३.४ स्थानीय सरकारहरूको क्षमता विकास

रापाप्रा (२०७६) ले स्थानीय सन्दर्भलाई ध्यानमा राखी राष्ट्रिय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्न तथा प्रावधान र परामर्श अनुसार आफ्नै स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्न स्थानीय निकायहरूको क्षमता विकासको आवश्यकता रहेको कुरालाई सघन रूपमा जोड दिएको छ । यस प्रयोजनका लागि रापाप्राले स्थानीय तहमा प्राविधिक तथा आर्थिक प्रावधान,


अनुगमन तथा प्राविधिक सहयोग तथा त्यहाँ आवश्यक स्रोतको व्यवस्थापनका लागि प्रभावकारी संयन्त्रको स्थापना सुनिश्चित हुनुपर्नेमा जोड दिन्छ। यसले स्थानीय पाठ्यक्रम विकासको महत्वका बारेमा स्थानीय सरोकारवालाहरूलाई सचेत पार्नुपर्ने कुरामा तथा सहभागितामूलक र स्थानीय स्तरबाटै अगुवाइ गरिएको विधिलाई सहयोग गर्न मैत्रीपूर्ण वातावरणको विकास गर्नुपर्ने कुरामा समेत प्रकाश पार्छ। पाठ्य सामग्रीको विकास गर्न तथा स्थानीय पाठ्यक्रमका बारेमा शिक्षकहरूको बुझाइ र यसको प्रयोगमा सघाउन स्थानीय क्षमता विकासको महत्व रहेको बारेमा विशेष उल्लेख गरिएको छ।

# ४ स्थानीय पाठ्यक्रम विकास प्रक्रिया

## ४.१ प्रक्रियाको परिचय

यस खण्डमा स्थानीय पाठ्यक्रम विकास मार्गदर्शन, २०७६ मा दिइएका सुझावहरूको व्यापक रूपमा सदुपयोग गर्दै सबल स्थानीय पाठ्यक्रमको विकासका लागि अनुसरण गर्नुपर्ने चरणहरूबारे चर्चा गरिने छ। तलको चित्रमा प्रक्रियाहरूको सार प्रस्तुत गरिएको छ।

**स्थानीय पाठ्यक्रम विकासका चरणहरू तल कोठा खाली भए लेख्नु पर्छहोला**



स्थानीय पाठ्यक्रम विकास मार्गदर्शनले केही चरणहरूको विस्तृतीकरण यस प्रकारले गरेको छः

| चरणहरू | स्थानीय पाठ्यक्रम विकास निर्देशिकाका भागहरु |
|---|---|
| तयारी चरणः समिति र प्राविधिक कार्यदलको गठन | |
| चरण १: समग्र लक्ष्य तथा क्षेत्रको पहिचान | १. परिचय |
| चरण २: हासिल गर्नुपर्ने समग्र सक्षमताको पहिचान | २. सक्षमताहरू |
| चरण ३: सूचकहरूसँगै प्रत्येक कक्षाका लागि विशिष्ट सिकाइ उपलब्धिहरू परिभाषित गर्ने | ३. उद्देश्यहरू (कक्षागत) |
| चरण ४: पाठका समूहहरू (एकाइहरू) को प्रवाह चित्र बनाउने | ४. विषय वस्तुको क्षेत्र तथा क्रम |
| चरण ५: शिक्षकमैत्री निर्देशन र शिक्षक स्रोत सामग्रीसहित प्रत्येक कक्षाको प्रत्येक पाठका लागि पाठयोजनाहरू बनाउने | ५. विषय विस्तृतीकरण |
| चरण ६: विद्यार्थीहरूका लागि सिकाइ सामग्री निर्माण गर्ने | ६. सिकाइ सहजीकरण प्रक्रिया |
| चरण ७: जाँच, परीक्षा पुनरावलोकन तथा परिमार्जन | ७. विद्यार्थी मूल्याङ्कन प्रक्रिया |

यी चरणहरूको विस्तृत चर्चा तलका परिच्छेदहरूमा गरिने छः

## ४.२ तयारी चरणः स्थानीय पाठ्यक्रम विकास समिति र स्थानीय पाठ्यक्रम प्राविधिक कार्यदलको गठन

स्थानीय सरकारले शिक्षकहरू लगायत अन्य सरोकारवालाहरूको समेत संलग्नतामा स्थानीय पाठ्यक्रम विकास प्रक्रियाको अगुवाइ गर्नुपर्छ । स्थानीय सरकारको प्रमुखको अध्यक्षतामा एउटा समिति गठन गर्नुपर्छ । शिक्षा शाखा प्रमुखले समितिको सदस्य सचिवका रूपमा काम गर्छ । सबै प्राविधिक व्यवस्थापनको कार्य शिक्षा शाखाले गर्नुपर्छ । पाठ्यक्रम विकासको समग्र काममा समिति जिम्मेवार हुन्छ । पाठ्यक्रम विकासका लागि प्रअ, शिक्षक, विषय विज्ञ लगायत प्राविधिक कार्यदलसँग परामर्श बैठकहरू सञ्चालन गर्नुपर्छ र यसमा समावेशिता तथा व्यापक सहभागितामा ध्यान दिनुपर्छ ।

## ४.३ चरण १: समग्र लक्ष्य तथा क्षेत्रको पहिचान

स्थानीय पाठ्यक्रमका लागि निर्धारित समग्र लक्ष्य के हुन् भन्ने बारे स्पष्ट हुनु पहिलो चरण हो । यसले कसरी बालबालिकाको सहभागिता तथा सिकाइमा योगदान गर्छ ? यसले विद्यालय र समुदायबिचको सम्बन्ध कसरी सुदृढ गर्छ ? साझा लक्ष्यलाई आधार मानी कुन समग्र विषय क्षेत्र

स्थानीय परिवेशका लागि उपयुक्त हुन्छ भनी पहिचान गर्न सम्भव हुन्छ । समुदायका आवश्यकता, रुचि, प्राथमिकताको पहिचान गर्न सबै सरोकारवालाहरूसँग व्यापक परामर्श गर्नु महत्वपूर्ण हुन्छ । सबैको बलियो सहमति छ/छैन वा विभिन्न समूहका आवश्यकता र प्राथमिकतामा सम्झौता गर्नुपर्ने छ कि भन्ने बारेमा जान्नु पनि महत्वपूर्ण हुन आउँछ ।

स्थानीय पाठ्यक्रमका लागि सम्भाव्य विषय क्षेत्र तल उल्लेख गरिएको छः

१. **मातृभाषाः** स्थानीय सरकारहरूले मातृभाषामा आफ्नै पाठ्यक्रमको विकास गर्न सक्छन् वा पाविकेले विकास गरेका मातृभाषाका पाठ्यक्रम/पाठ्य पुस्तक अपनाउन सक्छन् तर स्थानीय तहबाट स्वीकृत हुनुपर्छ । जहाँ मातृभाषामा आधारित बहुभाषी शिक्षाको अनुसरण गरिएको छैन, त्यहाँ मातृभाषालाई विषयका रूपमा लिन प्रोत्साहित गरिन्छ तर यसका लागि व्यापक सहमतिको आवश्यकता पर्छ । स्मरणीय के छ भने स्थानीय पाठ्यक्रमको कुनै पनि अंशलाई अङ्ग्रेजी माध्यमबाट पढाउन वा स्थानीय पाठ्यक्रमका लागि छुट्याइएको समयमा यसलाई विषयका रूपमा सिकाउन अनुमति छैन ।

२. **संस्कृतिक, सामाजिक विविधता, इतिहास, सांस्कृतिक सम्पदा** आदि ऐतिहासिक स्थान, स्थानीय समुदायको इतिहास र संस्कृति, धार्मिक क्रियाकलापहरू, समुदायमा बस्ने विभिन्न मानिसहरूको जीवनशैली, स्थानीय नायक/व्यक्तित्वहरू, स्थानीय तहका क्लब/समाजहरू आदि । संस्कृतिका कुन कुन पक्षहरू समावेश गर्ने भनी पहिचान गर्न पूर्ण र न्यायिक सहभागिता महत्वपूर्ण हुन्छ ।

३. **भौगोलिक तथा प्राकृतिक स्रोत र तिनको बुद्धिमत्तापूर्ण र दिगो प्रयोग,** जस्तैः (भौगोलिक परिदृश्य, हावापानी, मौसम, कृषि तथा बालीनाली, वन, नदी, ताल, पोखरी, जनावर, जडीबुटी, राष्ट्रिय निकुञ्ज आदि)

४. **स्थानीय कलाहरू,** जस्तैः (नाच, गीत, परिकार, डोकाडाला, कपडा, सङ्गीत तथा वाद्ययन्त्रहरू आदि)

५. **स्वास्थ्य तथा सरसफाइ** (फोहोर व्यवस्थापन, शौचालय, ढल, अस्पताल, स्वास्थ्य केन्द्र, प्राथमिक उपचार, आयुर्वेद, योग, परम्परागत औषधी, जडीबुटी उत्पादन तथा प्रयोग, पोषण)

६. **जीविकोपार्जनसँग सम्बन्धित अभ्यासहरू** (स्थानीय तहको कृषिको परिचय, पशुपालन, तरकारी खेती, करेसाबारी, स्थानीय सरकारको संरचना तथा कार्य, उपभोक्ता सचेतना, स्थानीय पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, स्थानीय उद्योगहरू, स्थानीय बजार, पर्यटन)

७. **स्थानीय प्रकोप तथा प्राकृतिक विपत् जोखिम र तिनको व्यवस्थापन** नेपालमा विभिन्न किसिममा प्राकृतिक विपत्प्रतिको उच्च सङ्कटासन्नता विद्यमान भएका कारणले गर्दा समुदायका यस्ता विशेष जोखिम तथा मुद्दाहरूको बोध गर्न र यिनलाई कसरी न्यूनीकरण गर्ने र प्रतिकार्य गर्ने भन्ने बारेमा स्थानीय पाठ्यक्रममा यी विषयलाई एकीकृत गर्नु उपयुक्त हुन्छ ।

यस प्रक्रियामा धेरै सम्भावनाहरू देखिन्छन् । यदि विभिन्न समूहको विभिन्न प्राथमिकताहरू छन् भने सबै सातै विषय क्षेत्रको पहिचान गर्न सकिन्छ । कामको प्रक्रिया अघि बढ्दै जाँदा पाठ्यक्रमलाई बोझिलो नबनाउन विभिन्न शीर्षकहरू संयुक्त/एकीकृत हुँदै जाने छन् । कुनै कुनै विषय क्षेत्रलाई

हाल समावेश गर्न नसकिने भयो भने यसलाई पछिल्ला दिनहरूमा थप गर्न सकिने छ ।

विषय वस्तुको पहिचान गर्ने प्रक्रियामा सिकारुहरूमा के कति पूर्व ज्ञान तथा सिपहरू छन् भन्ने तथ्याङ्क सङ्कलन गर्नु राम्रो अवसर पनि हुन सक्छ, यसले पाठ्यक्रम विकास गर्दा 'ज्ञातबाट अज्ञात' भन्ने सिद्धान्ततर्फ डोर्‍याउँछ । यसका साथै विशिष्ट विषय वस्तुको कुरा गर्दा यो स्थानीय ज्ञानको स्रोतको पहिचान गर्ने अवसर पनि हो । यी स्रोत भन्नाले, व्यक्ति (जस्तैः स्थानीय सङ्गीतकार) वा स्थानीय समाज (जस्तैः स्थानीय भाषाको विकास तथा प्रवर्धन गर्न भाषिक समितिहरू) हुन सक्छन् ।

## ४.४ चरण २ः हासिल गर्नुपर्ने प्रमुख सक्षमताहरूको पहिचान

यस चरणमा, स्थानीय सरकारहरूले सान्दर्भिक दुई सक्षमताको सूची बनाउनुपर्छ, जस्तैः

- राष्ट्रिय पाठ्यक्रम प्रारूप वा एकीकृत पाठ्यक्रममा परिभाषित गरिएका सक्षमताहरू, जसलाई स्थानीय पाठ्यक्रमले अझै सबलीकरण गर्ने छ ।

- विद्यार्थीहरूले घर वा समुदायबाट लिएर आएका ज्ञान तथा सिपमा आधारित भई विकास गरिने सक्षमताहरू, जसले विद्यालयमा सिक्नका लागि जगको काम गर्ने छन् ।

## ४.५ चरण ३ः सूचकहरूसहित प्रत्येक कक्षाका लागि विशिष्ट सिकाइ उपलब्धिहरू परिभाषित गर्ने


विशिष्ट सिकाइ उपलब्धिहरूलाई परिभाषित गर्दा सिकाइका विभिन्न तह हुन्छन् भन्ने कुरामा सचेत हुनु तथा सबै तहका लागि सिकाइ उपलब्धिहरू परिभाषित गरिएको हुन्छ भन्ने कुरामा सुनिश्चित हुनु महत्वपूर्ण छ तर गहिरोसँग बुझ्नुपर्ने 'उच्च' उपलब्धिमा विशेष जोड दिनुपर्छ । "जब विद्यार्थीहरूले साँच्चिकै केही सिक्छन् भने उनीहरू यसलाई व्याख्या गर्न, प्रयोग गर्न, विश्लेषण गर्न, मूल्याङ्कन गर्न र नयाँ ज्ञानको निर्माण गर्नका लागि प्रयोग गर्न सक्छन् (Malone, 2018[1]) ।"

तलको चित्रमा ब्लुम (१९५६) ले पहिचान गरेका सिकाइका छ तहहरूको सार प्रस्तुत छः (Malone, 2018[2] बाट लिइएको)

[1] Malone, S. Curriculum development for Mother Tongue-Based Multilingual Education: Basic features. Susan Malone© SIL International, 2018. Downloadable at https://www.sil-lead.org/susanmalone/

[2] Malone, S. Curriculum development for Mother Tongue-Based Multilingual Education: Basic features. Susan Malone© SIL International, 2018. Downloadable at https://www.sil-lead.org/susanmalone/

## सिकाइका ६ तहहरू




सम्झाइ = देखेका र सुनेका कुरा सम्झने क्षमता
बुझाइ = सिकेका कुरा वर्णन गर्ने क्षमता
प्रयोग = विविध स्थितिमा सिकेका कुराको प्रयोग गर्ने क्षमता
विश्लेषण = आकार प्रकारहरू देख्ने, तुलना गर्ने र फरक छुट्याउने क्षमता
मूल्याङ्कन = लेखाजोखा र निर्णय गर्ने क्षमता
सिर्जना = नयाँ ज्ञानको निर्माण गर्नका लागि सिकेका कुराको प्रयोग गर्ने क्षमता

प्रत्येक उपलब्धिका लागि एउटा सूचक (कुनै उपलब्धि हासिल भयो वा भएन भनी वस्तुगत रूपमा जाँच्नका लागि) हुनुपर्छ) ।

## ४.६ चरण ४: सिकाइका एकाइहरूको प्रवाह चित्र

अर्को चरण भनेको अपेक्षित उपलब्धिहरू हासिल गर्न शिक्षकहरूले विद्यार्थीहरूलाई सहभागी गराई रमाइलो वातावरणको सिर्जना गराउनका गर्नुपर्ने क्रियाकलापहरूका क्रमको पहिचान गर्नु हो । यो कार्य पाठैपिच्छे गर्नुपर्ने नभई कुनै विशेष अवधारणा वा विषय क्षेत्रसँग सम्बन्धित 'एकाइ' (पाठका समूहहरू) हरूमा गर्नुपर्छ ।

यस प्रक्रियालाई निर्देश गर्ने केही सिद्धान्तहरू:

- विद्यार्थीहरूले राम्ररी सिक्छन् जब उनीहरूले जानेका "पूर्व ज्ञान" को प्रयोग गर्न पाउँछन् । त्यसैले उनीहरूलाई नयाँ विचार सिकाउनुअघि पहिले नै परिचित विषय वस्तु प्रस्तुत गर्ने कुराको सुनिश्चितता (पूर्व मूल्याङ्कनका आधारमा) हुनुपर्छ ।

- त्यसै गरी, सरलबाट जटिलतातर्फ हुँदै अझ अमूर्ततातर्फ जाने तार्किक क्रमको सुनिश्चितता गर्न कोसिस गर्ने ।

- विद्यार्थीहरू प्रत्येक कक्षामा र चौमासिकमा मूल पाठ्यक्रमबाट के सिक्लान् भनी सचेत हुने र सम्भव भएसम्म यसको सम्बन्ध कायम गर्ने ।

- मातृभाषालाई विषयका रूपमा शिक्षण गर्नका लागि परीक्षण गरिएको विशेष क्रम छ, सोको अनुसरण गर्नुपर्छ । साक्षरता सिपको विकासका लागि सिकारुहरूको आफ्नो भाषाको मौखिक ज्ञान (भाषा १) को प्रयोग गरिएको छ भन्ने सुनिश्चित गर्नुपर्छ ।

यदि कुनै स्थानीय सरकार (वा केही विद्यालय) ले मातृभाषामा आधारित बहुभाषी शिक्षा प्रणालीको प्रयोग पहिले नै गरिसकेको छ भने (पुरै पाठ्यक्रमका लागि) स्थानीय पाठ्यक्रमका लागि प्रत्येक कक्षामा शिक्षणको माध्यम के हुने भन्ने निश्चित गर्नुपर्छ । अन्य विषयहरूलाई नेपाली माध्यममा पठनपाठन गर्नुपर्ने अवस्थाहरू आइपर्न सक्छन् तापनि सम्भव भएसम्म धेरै कक्षाहरूमा मातृभाषामा स्थानीय पाठ्यक्रम पढाउनु उचित हुन्छ ।

## ४.७ चरण ५ र ६: पाठयोजना निर्माण मूल्याङ्कनका साधनसहित शिक्षकमैत्री निर्देशिका तथा शिक्षक स्रोत सामग्रीहरु र चरण ६ विद्यार्थीहरूका लागि सिकाइ सामग्रीको निर्माण गर्ने

यस चरणमा प्रवाह चित्र र एकाइहरूमा आधारित भई प्रत्येक एकाइका लागि चरणबद्ध रूपमा पाठयोजना बनाई शिक्षक निर्देशिकाको निर्माण गरिन्छ । यसमा सबै शिक्षकहरूले अनुसरण गर्नुपर्ने मुख्य क्रियाकलापका साथै थप विचार र ऐच्छिक क्रियाकलाप पनि समावेश गरिनुपर्छ । यसै समयमा शिक्षकका लागि स्रोत तथा सामग्रीहरूका साथै विद्यार्थीहरूका लागि पाठ्य वस्तु तथा सामग्रीहरूको पनि सँगसँगै विकास गर्नुपर्छ । मातृभाषामा आधारित बहुभाषिक शिक्षा विधिका लागि भाषा १ (पहिलो) र भाषा २ (नेपाली) का लागि पढाइ सामग्रीको पहिचान गर्नुपर्छ ।

## ४.८ चरण ७: जाँच, परीक्षा, पुनरावलोकन तथा परिमार्जन

पाठ्यक्रमको मस्यौदा गरिसकेपछि यसलाई विज्ञहरूद्वारा जाँच गरिन्छ र केही सामग्रीहरूलाई छानिएका अनुभवी शिक्षकहरूमा उनीहरूको कक्षामा परीक्षण गरिन्छ । यस चरणमा सोधिने केही प्रश्नहरू:

- पाठ्यक्रमले अपेक्षित समग्र क्षेत्र तथा लक्ष्य हासिल गर्‍यो ?
- पाठ तथा क्रियाकलापहरू अनुसरण गर्न शिक्षकका लागि स्पष्ट छन् तथा शिक्षक निर्देशिका र बालबालिकाका पुस्तकसँग पुरा तादात्म्य राख्छन् ?
- कुन शिक्षणको माध्यम प्रयोग गर्नुपर्ला भन्ने कुरा र विभिन्न भाषाको कसरी प्रयोग गरिनेछ भन्ने स्पष्ट छ ?
- पाठ्यक्रमले सबै सिकारुहरूको जीवन, संस्कृति तथा अनुभवको प्रतिविम्बन गर्छ र यिनलाई नयाँ ज्ञान तथा सिपको आधारका रूपमा प्रयोग गरिन्छ ? (यो विविध भाषिक समुदाय भएको स्थानमा विशेष महत्वको हुन्छ) ।
- सुझाइएका क्रियाकलापहरू लक्षित समूहका लागि (उनीहरूको उमेर, चाहना तथा पूर्व ज्ञानका हिसाबले) उपयुक्त वा रुचिकर छन् ?
- पाठ्यक्रमले विभिन्न समुदायको समानताको प्रवर्धन गर्छ तथा यो पूर्वाग्रह वा विभेदबाट मुक्त छ ? (स्थानीय पाठ्यक्रमले स्थानीय संस्कृतिको प्रवर्धन गर्नुपर्छ, त्यसैले यसले अन्य संस्कृतिका बारे नकारात्मक तुलना गर्न वा अरुले गरेको अभ्यासमा नकारात्मक टिप्पणी गर्न हुँदैन) ।

- पाठ्यवस्तु (दृष्टान्त चित्रसहित) ले लैङ्गिक विभेदको अन्त्य र लैङ्गिक समानतालाई प्रवर्धन गर्छ ?

- पाठ्यक्रम विशेष/औसत सिकारुका लागि (न धेरै सजिलो न धेरै गाह्रो) उपयुक्त छ तथा ठिक गति (न छिटो सक्नुपर्ने न ढिलो हुने) को छ ? विविध प्रकारका क्षमता भएका सिकारुहरूका लागि विविध विधि प्रयोग गर्न यसले सघाउँछ ?

- अवधारणा, पदावली र शब्दहरू कक्षा/तहका लागि उपयुक्त छन् ?

त्यसपछि परीक्षणका आधारमा पाठ्यक्रमको परिमार्जन तथा अन्तिमीकरण गर्नुपर्छ ।

## ४.९ पाठ्यक्रम विकास प्रक्रियाका उत्पादनहरू

माथिका प्रक्रियाहरूको अवलम्बन गर्दा पाठ्यक्रम विकास प्रक्रियाबाट दुई मुख्य उत्पादन हासिल हुन्छः स्थानीय पाठ्यक्रम प्रारूप र स्थानीय पाठ्यक्रम स्रोत प्याकेज ।

स्थानीय पाठ्यक्रम प्रारूप चार चरणमा आधारित हुन्छः

१. स्थानीय पाठ्यक्रमका लागि पृष्ठभूमि, औचित्य, सिद्धान्त तथा लक्ष्य

२. स्थानीय पाठ्यक्रमको समग्र क्षेत्र तथा विषय/पाठ

३. प्रत्येक कक्षाका लागि सिकाइ उपलब्धि र सूचकहरू

४. कक्षा १-८ सम्मका विषय वस्तु (एकाइहरू) को क्षेत्र तथा क्रम झल्काउने प्रवाह चित्र

स्थानीय पाठ्यक्रम स्रोत प्याकेज ५-७ चरणमा आधारित छ, ती हुन्:

१. प्रत्येक कक्षा तथा पाठ्यवस्तुका लागि पाठ योजना, शिक्षक निर्देशिका तथा स्रोतहरू

२. प्रत्येक कक्षा तथा पाठ्यवस्तुका लागि पाठ्यपुस्तकहरू

३. विद्यार्थीहरूको सिकाइको (हासिल गरिएको सक्षमता) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका लागि निर्देशिका

(पाठ्यक्रम स्रोत प्याकेजहरूलाई कसरी विभाजन गर्ने भन्ने कुरा स्थानीय सरकारहरूको सुविधाअनुसार हुने छ । उदाहरणका लागि प्रत्येक कक्षाका लागि एउटा विभाजित प्याकेज वा कक्षा १-३ का लागि सिङ्गो प्याकेज हुन सक्छ, जुन कुरा बहुकक्षा अवस्थाका लागि बढी सुहाउँदो हुन सक्छ ।

# ५ स्थानीय सरकारका भूमिका तथा उत्तरदायित्वहरु

स्थानीय पाठ्यक्रमको विकास गर्दा तथा यसको कार्यान्वयन रणनीतिका सम्बन्धमा ध्यान दिनुपर्ने केही मुख्य बुँदाहरू तल दिइएको छः

क. स्थानीय पाठ्यक्रम सामुदायिक र संस्थागत विद्यालयहरूमा अनिवार्य छ तथा स्थानीय तहमा अनुगमन गरिनुपर्छ ।

ख. आधारभूत तहका लागि राष्ट्रिय पाठ्यक्रममा पहिले नै प्रावधान गरिएका विषयबाहेक अन्य विषयलाई स्थानीय विषयका रूपमा छनोट गर्न सकिन्छ । मुख्य विषय, जस्तैः अङ्ग्रेजी/गणित/विज्ञान/नेपालीका लागि थप समय दिन पर्दैन ।

ग. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक आवश्यकताअनुसार स्थानीय सरकारसँगको समन्वयमा मातृभाषा वा नेपालीमा तयार गर्न सकिन्छ ।

घ. यदि सबै विद्यालयहरूका लागि यो उपयुक्त लाग्यो भने स्थानीय तहभरि नै कुनै पाठ्यक्रम कार्यान्वयन गर्न सकिन्छ अथवा कुनै निश्चित पाठ्यक्रम कुनै एउटा विद्यालयमा मात्र पनि लागु गर्न सकिन्छ ।

ङ. स्थानीय सरकारबाट पाठ्यक्रम स्वीकृत हुनुपर्छ ।

च. स्थानीय तहलाई उनीहरूको मागबमोजिम पाठ्यक्रम विकासमा संघ तथा प्रदेशले सहयोग गर्न सक्छ ।

छ. स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनमा स्थानीय तह उत्तरदायी हुन्छ । स्थानीय तहको शिक्षा शाखाले स्थानीय पाठ्यक्रम तथा पापुको तयारीका लागि समन्वय र प्राविधिक सहयोग उपलब्ध गराउँछ ।

ज. कुन कक्षामा कुन माध्यम (नेपाली कि स्थानीय मातृभाषा) प्रयोग गर्ने भन्ने द्विविधा भयो भने साधारण शिक्षण सिकाइ हुँदा प्रयोग गरिने माध्यम प्रयोग गरी स्थानीय विषय वस्तु पढाउनुपर्छ । नेपाली बाहेक अर्को भाषा मातृभाषाका रूपमा सबै सिकारुले बोल्छन् भने स्थानीय समुदायसँगको समन्वयमा विद्यालयले मातृभाषामा आधारित बहुभाषिक शिक्षा पद्धति अवलम्बन गर्नुपर्छ । प्रारम्भिक कक्षाहरूमा भने चरणबद्ध रूपमा नेपाली भाषा सिकाउँदै जाने गरी सबै शिक्षण सिकाइको माध्यम मातृभाषा नै हुनुपर्छ । मातृभाषामार्फत स्थानीय पाठ्यक्रमको अध्यापन गर्नु अल्पसङ्ख्यक तथा सुविधाविहीन बाल बालिकाका लागि प्रभावकारी हुन्छ, यसले उनीहरूमा आफ्नो संस्कृतिप्रति पहिचान र गर्वको सकारात्मक भावना पैदा हुन्छ ।

झ. मातृभाषामा आधारित बहुभाषिक शिक्षा पद्धति लागु गर्न समर्थ भइनसकेका विद्यालयहरू वा धेरै मातृभाषाको प्रतिनिधित्व भएका विद्यालयमा विद्यालयहरूले विषयका रूपमा एक वा बढी मातृभाषामा पढाउन स्थानीय पाठ्यक्रमका लागि छुट्याइएको समयको प्रयोग गर्न सक्ने छन् ।

ञ. पाठ्यक्रम विकास केन्द्र र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको विकास र कार्यान्वियनका लागि शिक्षकहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने छन् ।

ट. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको तयारीका लागि स्थानीय तहहरूले सरकारी, गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरूसँग समन्वय गर्न सक्ने छन् ।

ठ. स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहहरूले स्थानीय विज्ञ वा शिक्षा शाखाका प्रमुखको अध्यक्षतामा एउटा समिति गठन गर्न सक्ने छन् । उक्त समितिले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा काम गर्छ ।

ड. आफ्नो विद्यालयका लागि छुट्टै पाठ्यक्रमको विकास गर्न चाहेमा विद्यालयले सम्बन्धित स्थानीय तहसँग परामर्श र समन्वय गर्नुपर्छ ।

ढ. स्थानीय तहहरूले आवश्यकताअनुसार केन्द्रबाट वा अन्य निकायहरूबाट विज्ञको सेवा लिन सक्ने छन् ।

ण. प्रदेशहरूले स्थानीय विषयहरूमा नमुना पाठ्यक्रमको विकास गर्न सक्ने छन् । यस्तो नमुना पाठ्यक्रम सम्बन्धित स्थानीय तहबाट स्वीकृत भएपछि मात्र लागु हुन सक्छ ।

त. स्थानीय तहले आवश्यकताअनुसार पाठ्यक्रम विकास केन्द्रसँग परामर्श गर्न सक्छ । स्थानीय सरकारहरू र विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रमा सम्पर्क गर्न सक्छन् ।

थ. स्थानीय पाठ्यक्रम रापाप्राको मर्मविपरीत जानु हुँदैन तथा यसका विषय वस्तुले धार्मिक, सांस्कृतिक तथा सामाजिक सहिष्णुतामा नकारात्मक प्रभाव पार्दैनन् भन्ने कुरामा सुनिश्चित हुनुपर्छ । विषय वस्तुमा कुनै पनि राजनीतिक पूर्वाग्रह रहनुहुन्न । यदि विषय वस्तुले राष्ट्रिय एकता, सुरक्षा, कुटनीतिक सम्बन्ध तथा अर्थतन्त्रलाई समेटेको छ भने यो कुनै पनि हालतमा राष्ट्रिय स्वार्थ वा संविधानसँग बाझिन हुँदैन ।

द. स्थानीय विषय पढाउने आवश्यक शिक्षकको व्यवस्था विद्यालय/विद्यालय व्यवस्थापन समिति वा स्थानीय तहले गर्नुपर्छ ।

ध. स्थानीय तहहरूले आफ्नै संयन्त्रमार्फत पाठ्यक्रमको विकास गरी स्वीकृत भएपछि उक्त पाठ्यक्रमसम्बन्धी दस्तावेजहरू पाठ्यक्रमसँग सम्बन्धित नीति निर्माणको प्रयोजनका लागि पाठ्यक्रम विकास केन्द्रमा पठाउनुपर्छ ।

न. पाठ्यक्रम विकास केन्द्रद्वारा मातृभाषा र स्थानीय विषयमा विकास गरिएका पाठ्यक्रम तथा सम्बद्ध सामग्रीहरूलाई कुनै पनि विद्यालय वा स्थानीय सरकारले स्थानीय पाठ्यक्रमका रूपमा ग्रहण गर्न सक्छन् ।

# ६ सन्दर्भ सूची तथा सान्दर्भिक स्रोत सामग्रीहरु

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाविकेले स्थानीय सरकार, विद्यालय तथा शिक्षकहरूलाई स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा सघाउ पुर्‍याउनका लागि विभिन्न निर्देशिकाहरू तथा पाठ्यक्रम प्रारूपहरूको विकास गरेको छ । स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको प्रक्रियामा थप जानकारी चाहनेका लागि निम्न लिखित सामग्रीहरू हेर्न सुझाइएको छः

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६, पाविके, सानोठिमी, भक्तपुर
- स्थानीय पाठ्यक्रम प्रारूप, २०७१, पाविके, सानोठिमी, भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६, पाविके, सानोठिमी, भक्तपुर

यी दस्तावेजहरू निःशुल्क रूपमा www.moecdc.gov.np बाट डाउनलेड गर्न सकिन्छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर